


USAID
अमेरिकी जनताबाट

WINROCK INTERNATIONAL

सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल २०६४ काठमाडौं

UKaid
from the British people

# म मानव बेचबिखनमा यसरी परेँ






- गाउँको चिनेजानेको मान्छेले विदेशमा रोजगारी मिलाइदिन्छु भन्यो ।
- मैले विदेश पठाइदिन्छु भन्ने मान्छेबारे र उसले भनेको संस्था आधिकारिक हो कि होइन भनेर बुझ्ने प्रयास नै गरिनँ ।
- मलाई पठाउने भनिएको देश नेपाल सरकारले रोजगारीको लागि खुला गरेको देशभित्र पर्छ कि पर्दैन भनेर मैले सोधिनँ ।
- विदेश पठाइदिन्छु भन्ने मान्छले भनेका कुरा ठिक हो कि होइन भनेर मैले कसैलाई सोधिनँ ।
- उक्त मान्छेले मेरो स्वास्थ्य परीक्षण, जीवन बीमा र दुर्घटना बीमा गर्ने कुरै गरेन । सबैतिर मेरा मान्छे छन् यस्ता कागजात चाहिँदैन भनेर मलाई बोल्नै दिएन । यी कागजात आवश्यक छन् भनेको सुनेको थिएँ । तर पनि म चुप बसेँ ।
- मलाई दिने भनिएको भिसा वर्किङ (कामको लागि दिइने) भिसा हो कि अन्य ट्रान्जिट, टुरिष्ट वा स्टुडेण्ट (विद्यार्थी) भिसा हो भन्नेसमेत मैले थाहा पाइनँ ।
- मलाई पठाएवापत उक्त मान्छेले सधैँ नगदमै वा कुनै तेस्रो व्यक्तिको ब्याङ्क खातामा पैसा हाल्न लगाउँथ्यो ।
- उक्त मान्छेले भन्थ्यो, 'यो कुरा कसैलाई नभन्नू । मेरो कुरामा शङ्का नगर्नू'। उक्त मान्छेले भनेको सबै कुरा पत्याएँ । मलाई दिइएका कागजातमा उल्लेख भएको कम्पनीको नाम, कामको प्रकृति, तलब र सेवा-सुविधा भनेजस्तो हुने हो कि हैन भनेर मैले कसैलाई सोधिनँ ।

# मेरो भोगाइले मलाई सिकाएको कुरा भन्छु है ।

- मानव बेचबिखन विभिन्न स्वरुपमा हुँदोरहेछ । तपाईंलाई जबरजस्ती यौन व्यवसाय वा यौनजन्य कार्यमा, जोखिमपूर्ण वा गैरकानूनी काममा लगाउन, अङ्ग प्रत्यारोपण गर्न, शरीरका अङ्ग झिक्न, परिबन्दमा पारेर सेवा-सुविधा नदिई जबरजस्ती काममा लगाइराख्न, थोरै तलब वा सुविधा दिएर काम गराइराख्न पनि मानव बेचबिखन हुँदोरहेछ ।
- मानव बेचबिखन देशबाहिर मात्रै नभएर देशभित्र पनि हुँदोरहेछ ।
- यसमा महिला र पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक अनि बालबालिका पनि पर्दा रहेछन् ।
- कसैले धाक-धम्की दिएर, प्रलोभनमा पारेर वा कुनै प्रकारको बल प्रयोग गरेर, कब्जा गरेर वा जालसाजी र छलछाम गरेर तपाईंलाई नियन्त्रणमा राखेर पैसा असुल्दै मानव बेचबिखन गर्छन् भने कसैले तपाईंलाई वा परिवारलाई झुक्क्याएर यस्तो काम गर्दा रहेछन् । तपाईंबाट पैसा असुल्ने वा तपाईंलाई कुनै काममा



जबरजस्ती लगाइदिएवापत तेस्रो पक्षबाट नगद वा अन्य लाभ लिने काम पनि हुँदोरहेछ । कहिलेकाहीं ठगी पनि मानव बेचबिखनभित्र नै जोडिएर आउँछ ।

- सम्झौताभन्दा फरक काम गराउनु, तोकेभन्दा कम सेवा-सुविधा दिनु र काम गर्न बाध्य पारिराख्नु अनि परिबन्धमा पारेर यौन शोषण, आर्थिक, मानसिक र शारीरिक शोषण गर्नु पनि मानव बेचबिखनकै एउटा स्वरुप रहेछ ।
- मैले उसका सबै कुरा पत्याएँ । झूठा कुरा सुनाएर मेरो सहमति लिइएपनि यस्ता काम मानव बेचबिखनभित्र पर्दोरहेछ ।



**मेरो भोगाइ सुनिहाल्नु भयो ।**
**अब थप कुरा अन्तिम पानामा पढ्नुहोस् है त ।**



# के तपाईंलाई यी कुरा थाहा छन् ?

नेपालको संविधान २०७२ को धारा २९ मा कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइनेछैन र कसैलाई पनि निजको इच्छाविरुद्ध काममा लगाउन पाइनेछैन भन्ने उल्लेख छ । यसैगरी धारा ३८ को महिलाको हक र धारा ३९ मा बालबालिकाको हकको व्यवस्थाले पनि महिला तथा बालबालिकाको बेचविखन तथा ओसारपसार कार्यलाई निषेध गरेको छ । त्यस्तै मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को धारा ३ मा स्पष्ट रुपमा लेखिएको छ, 'कसैले पनि मानव बेचबिखन र ओसारपसार गर्नु, गराउनु हुँदैन । कसैले यस्तो कार्य गरेमा यस ऐनबमोजिमको कसूर गरेको मानिनेछ' ।

मानव बेचबिखन तथा ओसारपसारको मुद्धा सरकारवादी मुद्धा हुने भएकाले पीडितले कानून व्यवसायी राख्ने भार बोक्नुपर्दैन । साथै कानूनले यस्तो मुद्धामा असिमित हद्म्याद पनि दिएको छ । अर्थात पीडितले घटना भएको जति वर्षपछि पनि पीडकविरुद्ध जाहेरी दिनसक्ने छ । मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र २ लाख रुपैयाँसम्मको सजाय कानूनले तोकेको छ ।

नेपाल सरकार अन्तरदेशीय सङ्गठित अपराधविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने पूरक आलेख (पालेर्मो प्रोटोकल) नेपाल सरकारले २०७७ असार २ गते अनुमोदन गऱ्यो । यस्तो अनुमोदनपछि सरकारले मानव बेचबिखनका घटना रोक्न थप गम्भीर कदमहरू चाल्न, अनुसन्धानमा अन्तरदेशीय समन्वय गर्न र मानव बेचबिखनका मूल कारण अन्त्य गर्नका लागि काम गर्नुपर्ने जस्ता कैयन दायित्वहरू थपिएका छन् ।

समस्यामा परे वा केही सोध्नुपरे यी नम्बरहरुमा फोन गर्नुहोस् है ।
यी नम्बरहरु २४ सै घण्टा खुल्ला हुन्छन् ।

**वैदेशिक रोजगार बोर्ड, आप्रवासी सूचना केन्द्र : १६६००१५०००५**
**राष्ट्रिय मानव अधिकार आयोगको हटलाइन : ०१-५०१००००**
**प्रहरी सेवा : १०० र १११३**
**बाल हेल्पलाइन नेपाल : पैसा नलाग्ने फोन १०९८**
**बालबालिका खोजतलास समन्वय केन्द्र : १०४**
**राष्ट्रिय महिला आयोग : ११४५**

**सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल**
डिल्लीबजार, काठमाडौं, फोन नं.: ९८६९८०५५५५
Email: nnsm2064@gmail.com Website: www.nnsmnepal.org